11-044
36-011

त्रैमासिक बुलेटिन

# भूमि अधिकार

बर्ष ३, पूर्णाङ्क ११ मंसिर–माघ, २०६२







हाम्रो आवाज

## हलिया प्रथा : अति भो, अन्त्य गरौं

नेपाल अधिराज्यको संविधानमा हरेक व्यक्तिले स्वतन्त्र र सम्मानितरुपमा बाँच्न पाउने उल्लेख छ। यस्तै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा सन्धिहरुले पनि व्यक्तिको स्वतन्त्रता र अधिकार निश्चित गरेका छन्। तर आज पनि नेपालका हजारौं हली दासका रुपमा बाँच्नुपरिरहेको छ। अछुतको व्यवहार भोग्नुपरिरहेको छ- हलिया प्रथाका नाममा।

हलिया प्रथा विशेषतः नेपालको सुदूरपश्चिम क्षेत्रमा दास प्रथाकै रुपमा टिकिरहेको छ। यो स्वतन्त्रता चाहने सबैको चुनौती बन्न पुगेको छ। हलिया प्रथाले एकातिर मान्छेले मान्छेलाई दास बनाउने घिनलाग्दो प्रवृत्तिलाई बढावा दिएको छ भने अर्कोतिर संस्कृति र परम्पराका नाममा यसै प्रथामार्फत् आर्थिक सामाजिक शोषण बढाएको छ। समाजमा घृणित दृष्टिले हेरिने यस कामले जातीय छुवाछुत जस्तो अमानवीय व्यवहारलाई पनि टेवा पुगेको छ। हलिया पेशामा संलग्न परिवारका महिलाले आफ्नो र मालिकको घरको दुवै काम गर्नुपर्दा प्रत्येक दिन १९ घन्टासम्म काम गर्न बाध्य छन्। हलिया बिरामी भएमा वा कुनै अन्य ठाउँमा गएको बेला मालिकको घरमा काम गर्न सक्दैनन्। यही कारण उनीहरुले गाली, कुटाइ खानुपर्ने, अर्को मान्छे लगाएर त्यो अवधिको ज्याला भडताल गरिदिनुपर्ने जस्ता घटना हलियाका मामलामा सामान्य बन्ने गरेका छन्। पढ्ने उमेरका बालबालिकाहरु आफ्नो र मालिकको घरमा काम गर्न बाध्य छन्।

हलिया बसिसकेपछि मालिकको काममा नै व्यस्त हुनुपर्ने र अन्यत्र कामका लागि जान नपाउने हुँदा हलिया परिवारको आर्थिक स्थिति कमजोर हुने क्रम पनि रोकिएको छैन। कुनै समस्या पर्दा मालिकबाट नै सहयोग लिनुपर्ने बाध्यताले ऋण बढ्ने क्रम पनि जारी छ, जसका कारण ऊ झन् फस्दै जान्छ र हलियाबाट उत्रनै सक्दैन। (बाँकी पृष्ठ ३...)

## यस अंकमा

बस्ती, बस्तीमा साइकल यात्रा ........ २
दुखीहरुका अध्यक्ष दुखीराम ........ ३
राजधानीमा किसान सम्मेलन ........ ४
...अधिकार सांस्कृतिक अभियान ........ ५
...समस्यामा सार्वजनिक सुनुवाई ........ ६
हलियाले मनाए मानव अधिकार दिवस ........ ७
धुरमा बस्नेहरु कठ्ठा भोग गर्न थाले ........ ८
कास्कीमा मञ्च र सरोकार समूहको बैठक ........ ९
अभियानकर्ताहरुको भारत भ्रमण ........ १०
अन्यायविरुद्ध आँट ........ ११
बंगलादेशको अध्ययन भ्रमण ........ १२

RC
011